# चौविसे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### राजारानी, धनकुटा

प.सं. :- ०७७/०७८ १ नं. प्रदेश, नेपाल

च.नं. :-

मितिः- २०७८_०३_०३

**चौविसे गाउँपालिकाले गाउँवासीको जनहितमा जारी सूचना**

COVID_19 को नयाँ प्रजाति (New Variant) अनियन्त्रित गतिमा फैलिरहेको विषम परिस्थितिमा, यस गाउँपालिकाको अध्यक्ष एवं स्थानीय CCMC का संयोजक श्री खजिन्द्र राई ज्यूको अध्यक्षतामा मिति २०७८/०३/०३ विहिवारको दिन बैठक बसी, यस गाउँपालिका भित्रका मिति २०७८/०३/०३ सम्म ३३० जनाको PCR/ANTIGEN टेस्ट गर्दा जम्मा संक्रमित ८२ जना मध्ये १६ जना होम आईसोलेसनमा रहेको र १ जनाको मिति २०७८/०३/०३ गते होम आईसोलेसनमा रहँदा मृत्यू भएको हुँदा मृतक परिवारमा गहिरो समवेदना सहित मृतक प्रति भावपुर्ण श्रद्धाञ्जली व्यक्त गर्दै अन्य संक्रमित विरामीहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै COVID_19 प्राणघातक भाईरसको Chain Break (साङ्लो टुटाउन) को लागि तपसिल बमोजिमको निर्णय सहित मिति २०७८/०३/०३ देखि मिति २०७८/०३/११गते राति १२ बजे सम्म मिति २०७८/०३/०३ को DCCMC को निर्णय अनुरुप निषेधाज्ञा जारी राख्ने निर्णय गरियो।

१. गाउँपालिका भित्रका सवै स्वस्थ्य संस्थाहरु चौविसै घन्टा खुल्ला राखि सेवा सुचारु राख्ने।

२. यस गाउँपालिका भित्रका थप संकस्पद क्षेत्रमा PCR/ANTIGEN टेस्टको लागि आवश्यक कार्य गर्ने।

३. यस गाउँपालिका आवश्यक शाखा र सवै वडा कार्यालयहरु दिनको १० बजे देखि ३ वजे सम्म खुल्ला गरी योजनाको फरफारक लगायतका आवश्यक कार्यहरु गर्ने।

४. यस गाउँपालिका भित्रका सम्पुर्ण वित्तीय संस्था, सहकारी एवं आर्थिक कारोवार गर्ने संघ/संस्थालाई वन्द गर्ने निर्णयलाई यथावत् कायम गर्दै यस गाउँपालिका भित्रका नेपाल वंगलादेश वैंक र ससकोशी डेभलपमेन्ट वैंकलाई विहान ११ वजे देखि ४ वजे सम्मको लागि खोल्ने अनुमति दिने। सेवाग्राहीको चाप कम गरी सुरक्षित तवरले सेवा प्रवाह गर्ने सम्वन्धमा वैंक आफैले निर्णय गर्न सक्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

चौविसे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राजारानी, धनकुटा

प.सं. :- ०७७/०७८ | १ नं. प्रदेश, नेपाल
च.नं. :-

## महामारीको समयमा आफु वाचौं र अरुलाई वचाऔं

५. यस गाउँपालिका भित्रका दैनिक, साप्तहिक तथा पाक्षिक रुपमा लाग्ने हाट बजार पुर्ण रुपमा वन्द गर्ने तर खाद्यान्न लगायतका दैनिक उपभोग्य सामाग्री सम्वन्धी पसलहरु लगायतका अत्यावश्यक पसलहरु विहान ७ बजे देखि १० बजे सम्म आवश्यक स्वास्थ्य मापदण्ड अपनाई खुल्ला गर्ने।

६. यस गाउँपालिका भित्र संचालित राष्ट्रिय गौरव/राष्ट्रिय स्तरका आयोजना भेडेटार_रवि_राँके सडक आयोजना तथा स्थानीय स्तरका योजना/आयोजनाको लागि ईन्धन लगायत निर्माण सामग्री र ठुला/गन्हौ (Heavy Equipment)विना रोकटोक प्रवेश/वहिर्गमनको लागि अनुमति दिने र निर्माण मजदुरहरुलाई तोकिएको स्वास्थ्य मापदण्ड पालना गरी/गराई निर्माण कार्यमा लगाउने तथा निर्माण मजदुरको बसाइ व्यवस्थापन छुट्टै सुरक्षित स्थानमा गर्ने/गराउनको लागि निर्माण व्यवसायीलाई निर्देशन दिने।

७. विद्यार्थीको भौतिक उपस्थितिमा दैनिक पठन पाठन वाहेक अन्य आन्तरिक कामहरु जस्तै परीक्षा/मूल्यांकन लगायतका आन्तरिक काम गर्नको लागि विद्यालय प्रशासन दिनको १० बजे देखि २ वजे सम्म खुल्ला गर्ने।

८. गोलिया काठ (लकडी) र वास ओसार पसारको लागि मिति २०७८/०३/०३ को DCCMC को निर्णय बमोजिम हुने।

९. यस गाउँपालिकामा दर्ता/सूचिकृत भएका गाउँपालिका भित्रका खाद्यान्न सामाग्री ढुवानीको लागि सवारी पास उपलव्ध गराउने।

१०. अत्यावश्यक काम बाहेक कोहि पनि घर बाहिर ननिस्किई आफु र आफ्नो समूदायमा COVID_19 को संक्रमण रोक्न सहयोगको लागि आम चौविसेवासी नागारिकमा अनुरोध गर्ने।

११. विरामी भई अप्ठ्यारो परिस्थिति उत्पन्न भएमा सम्बन्धित वडाका स्वास्थ्य ईन्चार्ज, जनप्रतिनिधि र गाउँपालिका सगँ आवश्यक समन्वय गर्ने ।

............
जितराम जिमी
प्रमुख प्रशासकीय अधिकृत

Email: chaubisegapa@gmail.com, Website: https://choubisemun.gov.np
फोन नं. ०२६-४११०३१/०२६-४११०३२/४११०३३, मोवाइल नं. ९८५२०६२४०२